शान्तिनगरगाउँपालिका

# गाउँकार्यपालिकाकोकार्यालय

पत्र संख्या:२०८२/०८३जुम्लेकुला,दाङ

च.नं.लुम्बिनीप्रदेश नेपाल

## नदीजन्य पदार्थको दरभाउपत्र आब्हान सम्बन्धी सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति २०८२/१२/२४**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को घ (६) मा भएको व्यबस्था बमोजिम शान्तिनगर गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थको ढुङ्गा,गिट्टी,बालुवा,ग्राभेल र रोडाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरण परीक्षण (IEE) प्रतिवेदन अनुसार लुम्विनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि-२०७५ को दफा ७ को उपदफा(२) बमोजिम देहायका शिर्षकहरुमा राजश्व असुली सम्बन्धी कार्य आ.व.२०८२/०८३ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरीएको छ। सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्रखरिद गरी देहायको मिति र समय भित्र दरभाउपत्रयस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**आन्तरिक आय ठेक्का विवरण**

**ठेक्का सम्बन्धि शर्तहरु:**

| क्रम संख्या | ठेक्का न. | नदी/खोलाकोघाँटको विवरण | आ.व.२०८२/८३को नदिजन्य पदार्थ विक्रि परीमाण (घन फिटमा) | आ.व.२०८२/८३को नदिजन्य पदार्थ विक्रि शूल्क दर (घन फिटमा) | आ.व.२०८२/८३को नदिजन्य पदार्थ विक्रि वापत जम्मा विक्रि शल्कको न्यूनतम अंक (भ्याट वाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आय १-SRM/०८२/०८३ | बबई नदिको कोवाई घाट | २,०३,०५९।३ | ८।०० | १६,२४,४७४।४ | दरभाउपत्र |
| २ | आय २-SRM/०८२/०८३ | बहुलाखोलाको कासिपुर घाट | ११९१८७। | ८।०० | ९,५३,४९६।०० | दरभाउपत्र |
| ३ | आय ३-SRM/०८२/०८३ | बागरखोलाको खडकपुर घाट | ८४,७५५।२ | ८।०० | ६,७८,०४१।६ | दरभाउपत्र |
| ४ | आय४-SRM/०८२/०८३ | च्याटिखोलाको खिलतपुर घाट | ५५,७९७।१७ | ८।०० | ४,४६,३७७।३६ | दरभाउपत्र |

शान्तिनगरगाउँपालिका

# गाउँकार्यपालिकाकोकार्यालय

पत्र संख्या:२०८२/०८३जुम्लेकुला,दाङ

च.नं.लुम्बिनीप्रदेश नेपाल

१.माथि उल्लेखित ठेक्काहरुको लागि रु.१०००।( फिर्ता नहुने गरी )दरभाउपत्र फारम खरिद गरी पेश गर्नु पर्नेछ । **PPMO**को सिस्टममा धरौटी रकम फरक देखिने हुँदा सम्बन्धित दरभाउपत्रदाताले कबोल गरेको रकमको अनिवार्य ५ प्रतिशत धरौटी रकम राख्नु पर्ने छ ।

२.ठेक्का अवधि सामान्यतया आ.व.२०८२/८३ को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परीमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईने छैन ।

३.IEE प्रतिवेदनलेनिषेधगरकोअवधीतथानदीक्षेत्रबाटसामाग्रीउत्खनन्गर्नपाईनेछैनतरविभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री बिक्री तथा निकासी गर्न सकिनेछ।

४.सम्झैता गर्दा माथी उल्लेखित सबै ठेक्काहरुमा कबोल अंङ्को थप मुल्य अभिवृद्दी कर (१३%) ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ

५.धरौटी वापत कबोल गरेको अंकको ५ % रकम यस शान्तिनगर गाउँपालिका दाङको नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर शाखा स्थित बैंक धरौटी खाता नं. ०७७०१४००२५००३० मा नगद दाखिला गरेको सक्कल भौचर वा दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको बैंक जमानत (विड विन्डको सक्कल प्रति) दरभाउपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ ।धरौटी वापत जम्मा गरेको रकमलाई किस्ता समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

६.दरभाउपत्रखरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट बैक शान्तिनगर शाखा स्थित आन्तरिक राजश्व खाता न ०७७०१४००२५०१०८ मा दाखिला गर्नुपर्नेछ ७.कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८.दरभाउपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही गरीनेछैन।

९.ठेक्कामा कुनै विवाद भएमा शान्तिनगर गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।उपरोक्त दरभाउपत्रहरुको लागि १५ औं दिन सम्मwww.bolpatra.gov.npमार्फत खरिद गरि १६ औं दिन दिनको १२:०० बजे सम्म दर्ता भएका दरभाउपत्रसोही दिन दिनको २:०० बजे शान्तिनगर गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।

१०.दरभाउपत्र फारामहरु खरिद गर्ने,दाखिला गर्ने,खोल्नेदिन सार्वजनिक विदा परेमा क्रमश: सोको भोलिपल्ट सोही समयमा ततत कार्यहरु गरिनेछ ।

११.यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्रसाथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाका शर्त सरह लाहु हुनेछ ।

१२.यस सूचना तथा दरभाउपत्रसाथ संलग्न अन्य शर्तहरु पुरा नभएका दरभाउपत्रहरु मुल्याङ्कनमा समावेश गरिने छैन ।

१३.यस सूचना प्रकाशित गरेपछि लुम्विनी प्रदेश सरकारबाट दररेटमा कुनै फेरबदल गरेको खण्डमा कबोल अंकमा पनि सोही अनुसार समायोजन हुनेछ।

१४.ठेक्काको स्विकृती ,बदर, सम्झौता,र कार्यदिश लगायतका ठेक्का संग सम्बन्धित निर्णय गर्ने सर्वाधिकार शान्तिनगरगाउँकार्यपालिकाकोकार्यालयमा निहित रहनेछ।अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत